काठमाण्डौ उपत्यकाअन्तर्गत पहिचान नखुलेका लासहरुको विबरण

विवरण	फोटो
आ.व २०७८/७९ साल मा पहिचान नखुलेको लाशहरुको विवरण	
मिति २०७९।०३।१९ गते अन्दाजी १६:४५ बजेको समयमा जि.ललितपुर बागमती गा.पा.वडा नं.१ घुसे स्थित बागमती खोलाको बगरमा यकिन नामथर, वतन नखुलेको वर्षको ३५/४० को उचाई ५.५ फिट, दाहिने खुट्टामा Rocky Sports लेखिएको सेतोमा गुलाबी रंग मिसिएको जुत्ता र सेही जुत्तामा बेरिएको अवस्थामा जिन्स पाईन्टको टुक्रा कपडा रहेको र मृत लाश सडिगल्न सुरु भई औंशा किरा परेको **पुरुष** व्यक्तिको लाश, हाल पाटन अस्पतालमा पठाईएको।	
मिति २०७९।०२।०१ गते अन्दाजी १६:०० बजेको समयमा जि. काठमाण्डौ म. न. पा. वडा नं. २५ न्यौखामा मनोज कृष्ण श्रेष्ठको पाँच तले घरको चौँथो तलामा डेरा कोठा गरी बस्ने नामथर, नखुलेको धनुषा जिल्ला घर बताउने अं. वर्ष २७ कि, वर्ण गोरी, मझौला शरिर, उचाई ५.१ फिट भएकी सबिना बानु नाम गरेकी सोही घरको पाँचौ तलाको बार्दलीबाट हाम फाली घाईते भई तत्काल उपचारका लागी काठमाण्डौ म. न. पा. वडा नं. २२ स्थित रहेको राष्ट्रिय ट्रमा सेन्टरमा ल्याई उपचारको क्रममा ऐ. मितिको १८:५५ बजेको समयमा मृत्यु भएकी **महिला**को शव परिक्षणको लागी त्रि. बि. शिक्षण अस्पताल महाराजगन्ज काठमाण्डौमा पठाईएको।	
मिति २०७९।०१।२३ गते बिहान अन्दाजी ०७:१० बजेको समयमा जि. भक्तपुर मानव समाज कल्याण समाज झौखेलमा बस्दै आएका नामथर, वतन नखुलेको अं. वर्ष ४५/४६ को, उचाई ५.४ फिट, कालो सेतो छोटो कपाल भएको, वाया खुट्टाको फिला माथी पुरानो घाउको खत भएको, घ्यु कलरको स्वीटर, सेतो पेन्टी गन्जी र खरो रंगको ट्राउजर लगाएको मृत **पुरुष** व्यक्तिको लाश काठमाण्डौ मडिकल कलेज दुवाकोटको शव गृहमा राखिएको।	
मिति २०७८।१२।०२ गते अन्दाजी १७:१५ बजेको समयमा जि. भक्तपुर चागुनारायण न.पा. वडा नं.४ नयाँ खोरिया स्थितमा नामथर, वतन नखुलेको, अं. ३०/३५ वर्ष,उचाई ५.४ फिट,वर्ण गहुँगोरो भएको **पुरुष** व्यक्ती ८०००००(आठ लाख) रुपैया लुटपाट गरी भाग्ने क्रममा कुटपिट गरी गाईते बनाई उपचारको क्रममा २०७८।१२।०३ गते मृत्यु भई हाल मेमोरियल अस्पताल वुढानिलकण्ठ काठमाण्डौको शव गृहमा राखिएको।	
मिति २०७८।१०।११ गते अ.१३.३० बजेको समयमा जि. भक्तपुर चागुनारायण न.पा. वडा नं. ९ ऐन डाँडा स्थित सामुदायिक वनमा नाम थर वतन नखुलेको उचाई ५.६ फिट, टाउकोमा नर्थफेर्स लेखेको उनिको टोपी,रातो सेतो ज्याकेट,खैरो रङको पाइन्टगुराँसको रुखमा सुत्लीको डोरीको पासो घाँटिमा बाधी झुण्डी मृतक अबस्थामा अं. वर्ष ५०/५५ को **पुरुष**ब्यक्तिको लाश फेला,पुरुषको लाश भक्तपुर अस्पतालको शव गृहमा राखिएको।	
मिति २०७८।०५।१६ गते अं. १८:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं १६ गुम्बा स्थितमा एकिन नाम थर वतन नखुलेको अं. वर्ष ३५/४० को पुरुष मानिस गुम्बा परिसर भित्र रहेको सार्बजनिक शौचालयमा मृत फेला परेको **पुरुष**को लाश। वर्ण गहुगोरो, उचाई ५.२ ईन्च, हल्का दाही जुंगा भएको, तल्लो शरीरमा कालो पाईन्ट, कालो कट्टु लगाएको।	
मिति २०७८।०५।१४ गते बिहान अं. ९:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ७ चावहिल वुलवुले स्थित किरण महर्जनको टिनले छाएको टहरोमा एकिन नाम थर वतन नखुलेको राकेश महत्तो नाम बताउने अं. ४२/४३ वर्षको **पुरुष** व्यक्तिको लाश फेला परेको।	

मिति २०७८।०५।१३ गते जि.का.का.म.न.पा. वडा नं १२ टेकु अम्बे कम्प्लेक्स अगाडी हाल सम्म नाम थर वतन नखुलेको वर्ण गहुगोरो, उचाई ५.२ फिट, मंगोलियन अनुहार भएको, मध्यम शरीर भएको **पुरुष**को लाश फेला परेको।	
मिति २०७८।०५।११ गते जि.काठमाण्डौ बुढानिलकण्ठ न.पा. वडा नं ७ स्थित हाल सम्म नाम थर वतन नखुलेको वर्ण गहुगोरो, मझौला शरीर भएको, पातलो दाह्री र जुँगा भएको, अं. २७/२८ वर्षको **पुरुष** व्यक्तिको लाश।	
मिति २०७८।०५।११ गते अं. १७:४५ बजेको समयमा जि.काठमाण्डौ कि.न.पा. वडा नं १० स्थित त्रिभुवन विश्वविध्यालयमा एकिन नाम थर वतन नखुलेको वर्ण गहुगोरो, मझौला शरीर भएको, सेतो सर्ट र कालो आसकोट लगाएको, तल कालो रङको सुरुवाल लगाएको, दाह्री फुलेको, मंगोलियन अनुहार भएको **पुरुष** व्यक्तिको लाश।	
मिति २०७८।०५।०७ गते बिहान ०७:३० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ३२ तिनकुने तरकारी बजार नजिकै बागमती करिडोर सडक किनारमा अं. २५/३० वर्षको, मझौला शरीर, लामो कपाल, कालो सेतोमा धर्के भएको ट्र्याकसुट र टिसर्ट लगाएको, तल खैरो कालो रङको कम्व्याड लगाएको, उचाई ५.४ फिट भएको **पुरुष** व्यक्तिको लाश।	
मिति २०७८।०५।०५ गते बिहानको अं. ०८:०० बजेको समयमा जि.काठमाण्डौ का.म.न.पा. वडा नं ८ पशुपति स्थित लामपोखरी सतलमा एकिन नाम थर वतन नखुलेको अं. ७०/७१ वर्षको **बृद्ध महिला** मृत अवस्थामा फेला परेको।	
मिति २०७८।०५।०५ गते बिहान अं. १०:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं ५ महालक्ष्मी स्थान मन्दिरमा उचाई ५.६ फिट, कालो छोटो कपाल, दाह्री जुंगा पालेको, कालो रङको टिसर्ट र कालो रङको Underarmorलेखिएको ट्राउजर लगाएको, दाँया हातको नाडीको भागमा B+R र बाँया हातको नाडीमा सरीता लेखिएको ट्याटु खोपेको, स्थानिय घर नेपालगञ्ज र आफ्नो नाम बिक्रम कार्की बताउने वर्ष अं. ४५/५० को **पुरुष** व्यक्तिको लाश।	
मिति २०७८।०५।०४ गते दिउँसो अं. १२:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं २२ वुङ्गमति विष्णुदेवी मन्दिर घाट मुनी बागमती खोलाको किनारमा उचाई ५.३ फिट, छोटो कपाल फुलेको, शरीरको माथिल्लो भागमा सेतो सेण्डो र तल भागमा निलो रङको पाईन्ट लगाएको, कालो वर्णको, एकिन नाम थर वतन नखुलेको **पुरुष** व्यक्तिको लाश फेला परेको।	
मिति २०७८।०४।२५ गते जि.का.का.म.न.पा. वडा नं ३ बसुन्धारा चोकमा हाल सम्म पहिचान नखुलेको वर्ण गहुगोरो, उचाई ५.३ फिट, आर्यान अनुहार भएको, कपाल र दाह्री जुँगा फुलेको, अं. ५० वर्षको **पुरुष** व्यक्तिको लाश फेला परेको।	
मिति २०७८।०४।२२ गते साँझ अं. १८:०० बजेको समयमा काठमाण्डौं जिल्ला का. म. न. पा. वडा नं. १६ माछापोखरी स्थित माछापोखरी सपिङ्ग सेन्टरको पछाडी प्यासेजमा नामथर, वतन नखुलेको अं. २५/२६ वर्षको देखिने, कालो कपाल, गहुँगोरो वर्ण, उचाई ५.२ फिट भएको, हेर्दा तराई मुलको जस्तो देखिने, Champion लेखिएको सेतो रंगको भेष्ट र निलो जिन्स पाईन्ट लगाएको मृत **पुरुष** व्यक्तिको लाश पो. मा. को लागि हाल त्रि. वि. वि. शिक्षण अस्पताल महाराजगंजको फोरेन्सिक मेडिसिन बिभागको शव गृहमा राखिएको।	

मिति २०७८।०४।२१ गते बिहान अं. ०८:०० बजेको समयमा काठमाण्डौं जिल्ला का. म.न. पा. वडा नं. १६ माछापोखरी एरियामा मागी खाने, वतन नखुलेको अं. ५०/५५ वर्षको खड्क बहादुर क्षेत्री नाम गरेको,वर्ण गहुँगोरो, उचाई ५.४ फिट, मध्यम शरिर, हल्का दाह्री जुंगा पालेको, माथिल्लो शरिरमा कालो सेतो चेक सर्ट, ज्याकेट र कालो रंगको पाईन्ट लगाएको **पुरुष**व्यक्ति बिरामी अवस्थामा फेला परेको हुदा उपचारको लागी बिर अस्पताल पठाईएकोमा निज व्यक्तिको उपचारको क्रममा ऐ. बिहान १०:०० बजेको समयमा मृत्यु भएको पुरुषको लाशपरिक्षणको लागि त्रि. वि. वि. शिक्षण अस्पताल महाराजगंजको फोरेन्सिक मेडिसिन बिभागको शव गृहमा राखिएको।	
मिति २०७८।०४।१८ गते अं. ११:०० बजेको समयमा जि.काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं ०९ मन्छेनारायण स्थित हाल सम्म पहिचान नखुलेको वर्ण गहुगोरो, उचाई ५.३ फिट, अं. ४०/४१ वर्षको मृत **पुरुष** व्यक्ति।	
मिति २०७८।०४।१५ गते बिहान अं. ०७:५० बजेको समयमा जि.काठमाण्डौ दक्षिणकाली नगरपालिला वडा नं ६ स्थित दक्षिणकाली मन्दिरमा घर दैलेख बताउने डमरु बाबा भन्ने देब बहादुर शाही वर्ष अं. ६५ को बृद्ध जोगी मानिस बाँया हातको हत्केलाको पछाडी ॐ को ट्याटु खोपेको दारी कपला फुलेको, शरीर सुकेको दुब्लो, उचाई ५ फिट को **पुरुष** व्यक्तिको लाश।	
मिति २०७८।०४।०५ गते अं. १४:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं २३ धापाखेल स्थित हाल सम्म एकिन नाम थर वतन नखुलेको पुरुष व्यक्तिको लाश फेला परेको। हुलिया:- उचाई ५.६ फिट, वर्ण गहुगोरो, आफ्नो नाम रंग बिक्रम लामा बताउने **पुरुष**को लाश।	
मिति २०७८।०४।०४ गते बिहान अं. ३:०० बजेको समयमा जि.काठमाण्डौ चन्द्रागिरी न.पा. वडा नं ११ सतुंगल स्थित हाल सम्म नाम थर वतन नखुलेको अं. २५/२६ वर्षको, कालो कपाल भएको, वर्ण गहुगोरो, उचाई ५.२ फिट, तराई मुलको जस्तो देखिने, Champion लेखिएको सेतो रङको भेष्ट र निलो जिन्स पाईन्ट लगाएको **पुरुष**को लाश।	
मिति २०७८।०३।३१ गते साँझ अं. १८:३० बजेको समयमा जि.ललितपुर ल.पु.म.न.पा. वडा नं १३ कुसुन्ती स्थित खरानी रङको हाफ टिसर्ट, निलो रङको जिन्स पाईन्ट लगाएको, अगाडी माथिको भागमा दाँत नभएको, सेतो र कालो रङको दाह्री भएको, एकिन नाम थर वतन नखुलेको **पुरुष** व्यक्तिको लाश फेला परेको।	